# बेलबारी नगरपालिका
# BELBARI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF MUNICIPAL EXECUTIVE

BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259
021-434213


प.स. : २०८०।०८१
च.नं. :

### बेलबारी नगरपालिका वडा नं.९ स्थित डाँगीहाट सपिङ कम्प्लेक्स वहाल (भाडा)मा लगाउने सम्बन्धि सूचना

दोश्रो पटक प्रकाशित मिति २०८०/१०/११

बेलवारी नगरपालिका वडा नं.९ स्थित डागीहाट सपिङ कम्प्लेक्स सम्झौता भएको मितिले ३ बर्ष सम्मका लागि शिलबन्दी दरभाउपत्र खरीद प्रकृयाबाट वहाल (भाडा) लगाउनु पर्ने भएकोले ईच्छुक व्यक्ति वा ईजाजतपत्र प्रास फर्म वा कम्पनीहरुवाट तपशिलको शर्तहरुको अधिनमा रही रितपुर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

तपशिल

| सि.नं. | विवरण | न्यूनतम वहाल (भाडा) रकम रु.(भ्याट बाहेक) | फारम दस्तुर | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र पेस अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने मिति | ठेक्काको प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | बेलबारी नगरपालिका वडा नं.९ डाँगीहाट स्थित दुई तले ९ वटा कोठा सहितको सपिङ कम्प्लेक्स भाडामा लिने दिने कार्य | मासिक रु. २३,६३९ ।- (अक्षरेपी तेईसहजार छसय उनन्चालिस रुपैया मात्र) (३ बर्षको जम्मा वहाल रकम रु. ८७९,३७०.८०।-अक्षरेपी आठलाख उनान्असी हजार तिनसय सत्तरी रुपैया असी पैसा मात्र) | १०००/- | २०८०।१०।१७ गते दिनको ४:०० बजे सम्म | २०८०।१०।१८ गते दिनको १२:०० बजे सम्म | २०८०।१०।१८ गते दिनको २:०० बजे | सिलबन्दी दरभाउपत्र |

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)
☎ 021-434259
021-434213


प.सं. : २०८०।०८१
च.नं. :

सपिङ कम्प्लेक्स वहाल (भाडा) सम्वन्धी शर्तहरु:

१. ईच्छुक दरभाउपत्र दाताहरुले सूचना प्रकाशित मितिले ७(सात) औं दिन सम्म कार्यालय समय भित्र दरभाउपत्र खरिद गर्न सक्नेछन । दरभाउपत्र खरिद गर्न फर्म वा कम्पनीको हकमा आ.ब. २०७९।८० को नवीकरण भएको ईजाजतपत्र,स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.ब.२०७९।८० को करचूक्ता वा म्याद थप गरेको प्रतिलिपी र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि संलग्न राखि निवेदन दिई दरभाउपत्र यस कार्यालबाट खरीद गर्न सकिनेछ र ८(आठ)औं दिन दिनको १२.०० बजे भित्र यस कार्यलयमा दर्ता गराई सक्नुपर्नेछ ।प्राप्त शिलबन्दी दरभाउपत्रहरु ८( आठ)औं दिन दिनको २.०० बजे यस कार्यालयका प्रतिनिधि, शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितीमा यस कार्यालयमा नियमानुसार खोलिनेछ । शिलबन्दी दरभाउपत्र खोल्न दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा बाधा पर्ने छैन।

२. सिलबन्दी दरभाउपत्र भर्दा दररेट अंक र अक्षरमा स्पष्ट हुने गरि लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

३. रित नपुगी वा म्याद नाघी आएका सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।दर्ता भएका दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा रहनेछ ।

सिलबन्दी दरभाउपत्र पेश गर्दा पेश गरेको निकाय, पेश गर्नेको पत्राचार ठेगाना र सम्पर्क नं. स्पष्टसँग लेख्नुपर्नेछ ।

सिलबन्दी दरभाउपत्र खरिद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन खरिद तथा दर्ता गरिनेछ ।

४. भवन वहालमा लिने व्यक्ति, फर्म वा कम्पनीले सम्झौता गर्न आउँदा मासिक कबोल रकमको हिसावले ३ वर्षको कुल कबोल रकमको ५ प्रतिशत हुन आउने रकम बेलबारी नगरपालिकाको धरौटी खाता

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF MUNICIPAL EXECUTIVE
बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259
021-434213

प.स. : २०८०।०८१
च.नं. :

नं. २४३०१००३०३००००००२ मा नगद जम्मा गरि सोको सक्कल बैंक भौचर कार्यालयमा बुझाउनुपर्नेछ ।

५. भवनको वहाल रकम सम्झौता भएको मितिले प्रत्येक महिना व्यतित भएको ७ दिन भित्रमा दाखिला गर्नु पर्नेछ । सो अवधिभित्र दाखिला नगरेमा नियमानुसार हर्जना सहित असुल उपर गरिनेछ । सम्झौता अवधिभरि हुन आउने सम्पूर्ण रकम एकमुष्ट अग्रिम रुपमा दाखिला गरेमा कुल कबोल रकममा १०% छुट दिईनेछ ।

६. भवनको सरसफाई लगायत अन्य पानी, विजुली र अन्य कर दस्तुर नियमानुसार वहाल लिने ब्यक्ति, फर्म वा कम्पनी आफैले व्यहोर्नुपर्नेछ।

७. सम्झौता बमोजिम जे जस्तो प्रयोजनको लागि भवन वहालमा लिएको हो सोही प्रयोजनमा प्रयोग गर्नु गराउनु पर्नेछ। प्रचलित कानूनले निषेध गरेका चिज वा वस्तुहरु राखिएको पाईएमा निजको धरौटी जफत गरी भवन वहाल सम्झौता तोडी नियमानुसार कारवाही गरिनेछ ।

८. सम्झौता भएको मितिले हरेक २ वर्षमा १० प्रतिशतका दरले भाडा बृद्धि गरिनेछ ।

९. नगरपालिका बाट वहाल (भाडा) मा लिएको भवनको कुनै पनि कोठा नगरपालिका कार्यालयको पूर्व इजाजत नलिइ आफुखुसी कुनै प्रकारको कार्य गरी कोठाको स्वरुप परिवर्तन गर्न पाइने छैन । जे जस्तो अवस्थामा वहाल लिएको छ सोही अवस्थाको उक्त भवन बहाल अबधि समाप्त पश्चात नगरपालिका लाई जिम्मा दिनु पर्नेछ ।

१०. उल्लेखित शर्त विपरित कार्य गरी भवन वहालमा लिने व्यक्तिले लापरवाही गरि भवनमा क्षति हुन गएमा वा बिग्रे भत्केमा सो को मर्मत सम्भार भवन वहालमा लिने व्यक्ति वा फर्मले आफैं गर्नु गराउनु पर्नेछ । यदि समयमा मर्मत सम्भार नगरेमा नगरपालिकाले सो कार्य गराई लागेको सम्पूर्ण खर्च सम्बन्धित व्यक्ति वा फर्मबाट असुल उपर गरिनेछ ।

११. नगरपालिकाले तोकेको उपरोक्त भवन वहाल अवधि समाप्त भए पश्चात भाडामा दिन, नगरपालिका वाध्य हुने छैन ।

किरण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF MUNICIPAL EXECUTIVE**
बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
(KOSHI PROVINCE, NEPAL)

☎ 021-434259
021-434213


प.स. : २०८०।०८१
च.नं. :

१२. भवन बहालमा लिने व्यक्ति वा फर्मले उक्त भवन वहाल सम्झौता अवधि नपुगी विचैमा छोड्न चाहेमा भवन छोड्नु ३ (तीन) महिना अगावै यस कार्यालय लाई जानकारी गराउनुपर्नेछ ।

१३. यस अघिको ठेक्का सम्झौता अवधि मिति २०८०/१०/११ मा सकिने भएकोले अब ठेक्का सम्झौता गर्ने व्यक्ती वा कम्पनी/फर्मले मिति २०८०/१०/११ देखीनै लागु हुने गरि वहाल संकलन गर्न सक्नेछन

१४. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने अन्तिम अधिकार नगरपालिकाको हुनेछ ।

१५. यस सुचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित कानून तथा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

१६. यस सम्बन्धि अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयमा सम्पर्क राखि बुझ्न सकिनेछ र यस कार्यलयको वेभसाईट www.belbarimun.gov.np मा समेत हेर्न सकिनेछ ।

किरण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत